# युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड

पोखरा लेखनाथ महानगरपालिका वाड नं. १७, कास्की
Email : unitedidimardi7mw@gmail.com
Website : www.idimardihydro.com.np

## १३ औ वार्षिक साधारण सभाको निर्णय माइन्युट

**पुष्ठभूमी :**

यस युनाईटेड ईदि मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेडको १३ औ वार्षिक साधारण सभा मिति २०७९।०८।२८ गते (तद्अनुसार December, 14, 2022) बुधबार बिहान दिनको ११:०० बजे आभ्या क्लब, घारीपाटन-१७ पोखरा कास्की, सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी. ज्यूको अध्यक्षतामा बस्यो ।

सञ्चालक समितिका अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सबै महानुभावहरुको आसन ग्रहण पश्चात् अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १३ औं वार्षिक साधारण सभाको कार्यक्रम संचालन गर्नु भयो ।

**१) सभा सम्बन्धी सूचना र प्रकाशन :**

१३ औं वार्षिक साधारण सभाको सूचना र छलफल हुने प्रस्तावहरुको जानकारी मिति २०७९।०८।०८ गते र २०७९।०८।२० गते को राष्ट्रिय दैनिक आर्थिक अभियान पत्रिकामा प्रकाशित गरी सबै शेयरधनी महानुभावहरुलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो । सो सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड तथा नेपाल स्टक एक्सचेन्ज लि मा समेत जानकारी गराइएको थियो ।

**२) उपस्थिति :**

**क) सञ्चालक तथा पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री प्रकाश के.सी. | अध्यक्ष |
| २. श्री रोशन के.सी. | प्रबन्ध निर्देशक |
| ३. श्री सुनिल नारायण श्रेष्ठ | कार्यकारी सञ्चालक |
| ४. श्री किरण के.सी. | सञ्चालक |
| ५. श्री विश्व प्रकाश गौतम | सञ्चालक |
| ६. किशोरी कार्की गोदार | सञ्चालक |
| ७. श्री निरज पौड्याल | कम्पनी सचिव |

United Idi Mardi & RB Hydropower Ltd. * Pokhara *

**ख) विभिन्न निकायका प्रतिनिधिहरु :**

१. श्री दल हितकाजी गुरुङ्ग शेयरधनी तथा समाज सेवी

**ग) शेयरधनीहरु :**

यस वार्षिक साधारण सभामा कुल शेयरधनीहरु मध्ये ५५ जना (संस्थागत शेयरधनी तथा प्रतिनिधि समेत) शेयरधनीहरुको उपस्थिति रहेको थियो ।

**३) सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| विवरण | कुल संख्या | स्वयं उपस्थिति | प्रोक्सी | जम्मा | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कम्पनीको शेयरधनी संख्या | ४१,०९६ जना | ५५ जना | - | ५५ जना | ०.१३% |
| कम्पनीको शेयर कित्ता | ४२,००,००० कित्ता | ३१,०२,६६० कित्ता | - | ३१,०२,६६० कित्ता | ७३.८७% |

**४). सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ७३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम वार्षिक साधारण सभा संचालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा संचालन गर्ने अनुमति अध्यक्ष ज्यूवाट प्राप्त भयो । शेयरधनी महानुभावहरुवाट पनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि गणपूरक संख्या पुगेको र सभा रीतपूर्वक बोलाइएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कारवाही अगाडि बढाउन अनुमति प्राप्त भयो ।

अध्यक्षज्यूको अनुमति लिई कम्पनी सचिवले १३ औं वार्षिक साधारण सभामा छलफल हुने प्रस्तावहरुको सूचि, सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने वार्षिक प्रतिवेदन र आ.व. २०७८/०७९ को वार्षिक आर्थिक विवरण तथा लेखापरीक्षण प्रतिवेदन उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु समक्ष वितरण गरियो ।

**५) स्वागत तथा शुभकामना मन्तब्य :**

यस कम्पनीका सञ्चालक श्री किरण के.सी. ज्यूले यस वार्षिक साधारण सभामा उपस्थित सम्पुर्ण प्रमुख अतिथि, अथिति, शेयरधनी, कर्मचारी तथा संचारकरमीहरु लाई यस वार्षिक साधारण सभामा उपस्थित हुनुभएकोमा सम्पुर्ण माहानुभावहरुलाई हार्दिक स्वागत मन्तब्य व्यक्त गर्नुभयो । साथै वार्षिक प्रतिवेदन सम्बन्धमा सभामा उपस्थित संस्थापक शेयरधनी

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

तथा समाज सेवी आदरणीय ब्यक्तित्व श्री हितकाजी गुरुङ्ग ज्यूले विभिन्न विषयहरुमा सुझाव दिदै वार्षिक साधारण सभाको तथा कम्पनीको सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

**६) छलफलका लागि प्रस्तावित विषयहरु :**

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका प्रस्तावहरु प्रस्तुत गरिएको थिए ।

**क) साधारण प्रस्ताव:**

१. संचालक समितिको तर्फबाट अध्यक्ष ज्यू वाट प्रस्तुत हुने आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८।७९ को वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०७९।०८० को लेखापरीक्षण कार्यको लागी लेखापरीक्षक नियूक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम २०७९ आषाढ मसान्त सम्मको सञ्चित मुनाफाबाट चुक्ता पुँजिको १०.५२६ प्रतिशत नगद लाभांश (कर सहित) वितरणको प्रस्ताव स्वीकृत गर्ने सम्बन्धमा ।

**ख) विविध**

**७) सभा संचालन तथा प्रस्ताव उपर छलफल :**

सञ्चालक समितिका अध्यक्ष श्री प्रकाश के.सी. ज्यूले लिखित मन्तव्य सहित सञ्चालक समितिको तर्फवाट आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । सभामा प्रस्तुत वार्षिक प्रतिवेदनको वाचन पश्चात आ.व. २०७८/०७९ को वार्षिक आर्थिक विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) लगायतका प्रस्तावहरुको सूचीमा समावेश भएका बिषयहरुमा छलफल गर्नका लागि शेयरधनिहरुलाई अनुरोध गर्नु भएको थियो ।

छलफलका क्रममा शेयरधनी ज्यूहरुले यस कम्पनीले दश प्रतिशत नगद लाभांश दिन लागेकोमा धन्यवाद व्यक्त गरनुभयो र आगामी बर्षहरुमा पनि यसै अनुरुप शेयरधनीहरुलाई अझै राम्रो लाभांश प्राप्त हुने अपेक्ष व्यक्त गर्नुभयो ।

शेयरधनीहरुबाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्बन्धमा स्पष्ट पार्ने कार्य सकिएपछि अध्यक्ष ज्यूको अनुमतिले कम्पनी सचिवले वार्षिक साधारण सभाको बिषयसूचिमा उल्लेख भए बमोजिम प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्नु भयो ।

**८) सभाबाट पारित निर्णयहरु :**

**क) साधारण प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यूवाट प्रस्तुत भएको आ.व.२०७८।०७९ को वार्षिक प्रतिवेदन पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८।७९ का वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रभाव विवरण सहितको आर्थिक वित्तीय विवरणहरु (अनुसुचीहरु समेत) पारित गरियोस भनी सभामा पेश हुँदा सर्वसम्मती बाट पारित भयो ।

३. कम्पनीको ऐन, २०६३ को दफा १११ अनुसार आ.व.२०७९।०८० को लेखापरीक्षण गर्नेको लागी लेखापरीषक श्री Pramod Panthi & Associates, chartered Accounts, लाई लेखापरीक्षक नियूक्ति गर्ने एंव निजको पारिश्रमिक कर वाहेक रु १,००,००० । (अक्षरुपी एक लाख मात्र) दिने निर्णय सभावाट पारित भयो ।

४. सञ्चालक समितिबाट सिफारिस भए बमोजिम आफ्ना शेयरधनीहरुलाई आ.व. २०७८।०७९ (अर्थत २०७९ आषाढ) को खुद मुनाफा तथा संचित नाफाबाट चुक्ता पूँजिको १०.५२६ प्रतिशतले हुन आउने रु ४,४२,१०,५२६। (अक्षरेपी चार करोड बयालीस लाख दश हजार पाँच सय छब्बीस मात्र) नगद लाभांश (कर सहित) दिने निर्णय सभावाट पारित भयो ।

**ख) विविध**

विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्ताव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**९) धन्यवाद ज्ञापन :**

यस कम्पनीका कार्यकारी सञ्चालक श्री सुनिल नारायण श्रेष्ठ ज्यूले यस कम्पनी द्धारा प्रवर्द्धित ७ मे.वा. क्षमताको माथिल्लो मर्दी खोला जलविद्युत आयोजना राम्रो सँग संचालन भएको हुँदा विद्युत उत्पादन भएको तेस्रो वर्षमानै पहिलो पटक नगद लाभांस वितरण गरन पाउदा ज्यादैनै खुसी लागेको कुरा जानकारी गराउदै यस कम्पनीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई अझौ राम्रो प्रतिफल प्रदान गर्न सक्षम बनाउने जानकारी दिएर वार्षिक साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार ब्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नु भयो ।

United Mardi & RB Hydropower Ltd. Pokhara

## १०) सभा विसर्जन :

कम्पनी सचिवले साधारण सभाको निर्धारित बिषयसूची अनुसार छलफल तथा निर्णयहरु भएको हँदा अध्यक्ष ज्यू लाई १३ औं वार्षिक साधारण सभा अन्त भएको घोषणा गर्दै सभा विसर्जन गर्नको लागि अनुरोध गर्नु भयो ।

अध्यक्ष ज्यूले शेयरधनी महानुभावहरुले सभामा दिनुभएको राय सुझावहरुलाई मनन् गर्दै सकारात्मक सुझावहरुलाई ग्रहण गरी कम्पनीको आगामी दिनमा व्यवस्थापन गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । अध्यक्ष ज्यूले शेयरधनी महानुभाव, स्थानिय सरोकारवाला तथा जन प्रतिनिधीहरु सँग हातेमालो गर्दै आयोजना संचालन गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । यस कम्पनीले आगामी वर्षहरुमा शेयरधनी महानुभावहरुलाई अझै राम्रो प्रतिफल प्रदान गर्न सक्षम बनाउने जानकारी दिएर वार्षिक साधारण सभामा सहभागी सम्पूर्ण शेयरधनी महानुभावहरु प्रति हार्दिक आभार ब्यक्त गर्नु भयो ।

साथै अन्त्यमा अध्यक्ष ज्यूले कम्पनीको १३ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुऱ्याउनु भएकोमा सबै शेयरधनीहरु, संचालक समीतिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, शेयर रजिष्ट्रार, आमन्त्रित व्यक्तित्वहरु, तथा कम्पनीको प्रगतिमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्बद्ध सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले सञ्चालक समिति प्रति देखाएको विश्वास र सद्भावको निमित्त कृतज्ञता ज्ञापन गर्दै १३ औं वार्षिक साधारण सभा बिसर्जन भएको घोषणा गर्नु भयो ।

साधारण सभा दिउसो १:०० बजे बिसर्जन भएको थियो ।

United Idi Mardi & RB Hydropower Ltd. Pokhara

| | | | |
|---|---|---|---|
| निरज पौड्याल | सुनिल नारायण श्रेष्ठ | रोशन के.सी. | प्रकाश के.सी. |
| (कम्पनी सचिव) | (कार्यकारी सञ्चालक) | (प्रबन्ध निर्देशक) | (अध्यक्ष) |